# कुश्मा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत

२०७३

गण्डकी प्रदेश, नेपाल

प.सं.:२०८२/०८३
च.नं. १९९६

मितिः २०८३।०१।२३

श्री संस्थागत विद्यालय सबै
कुश्मा नगरपालिका, पर्वत।

**विषयः निर्णय कार्यन्वयन सम्बन्धमा।**

प्रस्तुत विषयमा यस कुश्मा नगरपालिका अन्तर्गत संचालित संस्थागत विद्यालयका प्रधानाध्यापकहरु सँगको मिति २०८३।०१।२३ गतेको बैठकले गरेको तपशिल अनुसारका निर्णयहरुलाई कार्यान्वयन गर्नुहुन अनुरोध गरिन्छ।

तपशिलः

- संस्थागत विद्यालयले प्रत्येक कक्षाका लागि विगत शैक्षिक सत्रमा लिएको मासिक शुल्कमा नबढाई शैक्षिक सत्र २०८३ मा पनि सोही अनुसार शुल्क लिने।
- कुनै पनि कक्षामा नयाँ भर्ना हुन आएको विद्यार्थीलाई एक महिनाको शुल्क बराबर भर्ना शुल्क र दुई महिना बराबरको वार्षिक शुल्क लिन सकिने।
- सोही विद्यालयमा पढेको विद्यार्थीलाई एउटा कक्षाबाट अर्को कक्षामा भर्ना हुँदा कुनै पनि किसिमको भर्ना शुल्क लिन नपाउने तर दुई महिना बराबरको वार्षिक शुल्क लिन पाउने
- प्रत्येक कक्षाका विद्यार्थीहरुलाई शिक्षा नियमावलीको नियम १५१ अन्तर्गतको प्रक्रिया अवलम्बन गरि छात्रवृत्ति प्रदान गर्नुपर्ने र सोको विवरण सार्वजनिकीकरण गर्ने।
- कक्षा ११ को छात्रवृत्तिका लागि नगरपालिकाले परीक्षा लगायतका आवश्यक प्रक्रिया पूरा गरि सम्बन्धित विद्यालयलाई सिफारिस गर्ने।

८३।१।२३

विष्णु प्रसाद तिवारी
शिक्षा शाखा प्रमुख

फोन नं-०६७-४२०१४१/०६७-४२०४८४/०६७-४२०१८६ फ्याक्स नं. ०६७-४२१२७०
वेबसाइटः www.kushmamun.gov.npइमेल: info@kushmamun.gov.np, kushmamun@gmail.com